# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको
# पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावना :** व्यवसायिक कृषक तथा उद्यमीहरुले सञ्चालन गरिरहेको व्यवसाय र सो को सम्भाव्यताको आधारमा अनुदान र अनुदानमा पशुपन्छी तथा मत्स्यजन्य सामग्री वितरण गरेमा पशुजन्य उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढ्न सक्दछ । पालिकाबाट पशुपन्छी विकास तथा मत्स्य तर्फ सञ्चालित कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न माथागढी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम तथा प्रारम्भ :**

क) यस कार्यविधिको नाम "पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८०" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :**

क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले माथागढी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) "शाखा" भन्नाले पशुपन्छी विकास शाखा सम्झनुपर्दछ ।

घ) "कृषक" भन्नाले माथागढी गाउँपालिका क्षेत्रका पशुपन्छी र मत्स्य पालक कृषक सम्झनु पर्दछ ।

ङ) "कार्यविधि" भन्नाले पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

च) "अनुदान कार्यक्रम" भन्नाले माथागढी गाउँपालिकाबाट पशुपन्छी विकास शाखा माफर्त अनुदानमा सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

छ) "लागत सहभागिता" भन्नाले कृषकले बेहोर्नुपर्ने रकम वा प्रतिशत सम्झनुपर्दछ ।

ज) "कार्यालय" भन्नाले माथागढी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

झ) "वडा" भन्नाले माथागढी गाउँपालिकाका वडाहरु सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्धेश्य

**३) कार्यविधिको उद्धेश्य :**

क) गाउँपालिकाबाट सञ्चालन हुने पशुपन्छी तथा मत्स्य विकास सम्वन्धी कार्यक्रम प्रकृयालाई सरल,सहज,प्रभावकारी,पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

ख) पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।

ग) अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निष्पक्ष र पारदर्शी बनाउने ।



यम बहादुर चिदी
अध्यक्ष

घ) सेवा प्रवाहको प्रकृयालाई सरल, निष्पक्ष र प्रणालीयुक्त बनाउने ।
ङ) पशु उपचार, पशु स्वास्थ्य र रोग निदान प्रकृयालाई गुणस्तरीय बनाउने ।
च) लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।
छ) पशुपन्छीजन्य पदार्थ तथा मत्स्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउने ।

## परिच्छेद ३
## कार्यक्रम र सञ्चालन प्रकृया

**४) पशुपन्छी तथा मत्स्य स्वास्थ्य कार्यक्रम :**

**१) पशपुन्छी तथा मत्स्य उपचार सेवा :**

गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही माथागढी गाउँपालिकाका कृषकले पालन गरेका पशुपन्छी तथा मत्स्यको स्वास्थ्य परिक्षण, निदानका आधारमा पशपुन्छी तथा मत्स्य उपचारजन्य औषधी शाखा वा कार्यालयले तोकेको स्थानबाट स्वीकृत बजेटको परिधिभित्र रहि निःशुल्क वितरण गर्नेछ ।

**२) निःशुल्क खोप सेवा कार्यक्रम :**

१) माथागढी गाउँपालिकाका कृषकहरुले पालन गरेका पशपुन्छीमा विभिन्न समयमा देखा पर्ने महामारी जन्य रोगहरुको रोकथामका लागि तपसिल बमोजिमका रोगहरु विरुद्ध स्वीकृत बजेट को परिधिभित्र रहि निःशुल्क खोप सेवा कार्यक्रम सञ्चालन गर्नेछ ।

तपसिल :

क) भ्यागुते चरचरे
ख) खोरेत
ग) पिपिआर
घ) स्वाईनफिभर
ङ) रानीखेत
च) गम्वारो
छ) रेविज
ज) अन्य

२) खोप सेवा सञ्चालन गर्न सार्वजनिक सूचना मार्फत निजी क्षेत्रका भेटेरिनरी प्राविधिक (ग्रा.प.स्वा.का., जेटिए,जेटि) लाइ प्रत्येक आ.व.का लागि भ्याक्सिनेटर नियुक्ती/सम्झौता गरि काममा लगाउन सकिनेछ ।
३) खोप सेवा सञ्चालन गर्दा बजेट तथा कार्यक्रमको परिधिभित्र रहि रोगको फैलावट, पशुपन्छी पालनको घनत्व, पशुहाटबजार आदिका आधारमा जोखिम क्षेत्रको विश्लेषण गरि सोही आधारमा खोप कार्य सञ्चालन गरिनेछ ।
४) खोप कार्यक्रम सञ्चालनका लागि सम्वन्धित क्षेत्रका जनप्रतिनिधि,कृषक तथा सरोकालवालाहरुसगँ शाखाले समन्वय गर्नेछ ।
५) खोपका लागि आवश्यक पर्ने औषधी, सामाग्री तथा आवश्यक व्यवस्थापन गाउँकार्यपालिकाको कार्यालयले गर्नेछ ।
६) खोप लगाउनका लागि अटोमेटिक सिरिञ्ज वा साधारण सिरिञ्ज प्रयोग गरिएतापनि एकै गोठका लागि प्रति १० जनावर वा सोभन्दा कम भएमा प्रति गोठका लागि छुट्टा छुट्टैसिरिञ्ज निडिल प्रयोग गरिनेछ ।
७) खोप लगाएका पशुको पहिचानका लागि शाखाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

८) भ्याक्सिनेशन गरेको विवरण (पशु संख्या) खुल्ने फारममा सम्बन्धित पशुपालक कृषक र वडा अध्यक्ष वा सचिवबाट प्रमाणित गराई भ्याक्सिनेटरले शाखामा पेश गर्नुपर्नेछ ।

९) खोप कार्यको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वडा अध्यक्ष लगायतका सरोकारवाला निकायले अनुगमन तथा मूल्याङ्कन गर्नसक्नेछ ।

१०) रोगकोसम्भावित आउटबेक नियन्त्रणका लागि शाखाले खोपको केही मात्रा भण्डारण गरी राख्नुपर्नेछ ।

११) खोप कार्य र रोगको नियन्त्रणका लागि शाखाले गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको आदेशमा अन्य निकायसगँ समन्वय र सहकार्य गर्न सक्नेछ ।

१२) खोप कार्यका लागि वडा कार्यालयको प्रमाणित भरपाईका आधारमा पिपिआर खोपका लागि प्रति पशु रु.५।-, भ्यागुते चरचरे, खोरेत र लम्पी स्कीन खोपका लागि प्रति पशु रु.१०।-, गम्वारो रानीखेत खोपका लागि प्रति पंछी रु.१।-, स्वाइन फिभर खोपको प्रति पशु रु.५।- र अन्य रोगको खोप स्वीकृत भए अनुसार गाउँपालिकाले भुक्तानी गर्नेछ । प्रदेश र संघीय सरकारले भ्याक्सिनेटरको पारिश्रमिक शुल्क थपघट गरेमा सोही बमोजिम भ्याक्सिनेटरलाई पारिश्रमिक वापतको रकम भुक्तानी गरिनेछ ।

१३) अनुगमन कार्यका लागि अनुगमनमा खटिने जनप्रतिनिधि तथा कर्मचारीले प्रचलित कानुन अनुसारको सुविधा प्राप्त गर्नेछन् ।

**३) घाँसका बीउ वितरण कार्यक्रम :**

क) माथागढी गाउँपालिकाका कृषकलाई उत्पादन लागत घटाउन र घाँसखेतीमा प्रोत्साहन गर्न गाँउ सभाबाट कार्यक्रम स्वीकृत भए बमोजिम अनुदानमा विभिन्न जातका घाँसका बीउ शाखाले वितरण गर्नेछ ।

ख) बीउ वितरणका लागि व्यवसायीक पशुपालक कृषक तथा पालिकाका अन्य पशुपालक कृषकहरुलाई सार्वजनिक सूचना मार्फत माग संकलन गरि कृषकले पालन गरेको पशु संख्या, जमिन तथा मागका आधारमा हिउदे,बर्षे, बहवर्षे, डाले प्रकृतिका बिभिन्न जातका घासका बीउ वितरण गरिनेछ ।

ग) स्वीकृत गरेको बजेटको परिधिभित्र रहि विभिन्न जातका घासँका बीउ शत प्रतिशत वा निश्चित प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

घ) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

**४) बाखापालन कार्यक्रम**

पशुपालन क्षेत्रमा व्यावसायिक रुपमा लागेका कृषक उद्यमीहरुलाई पालिकाले व्यावसायिकरण तर्फ आकर्षित गरी जिवनस्तर सुधारमा टेवा पुराउने उद्धेश्यले यस गाउँपालिकाले बाखापालन कार्यक्रम संचालन गर्नेछ ।

क) यस कार्यक्रम समुह/समिति/सहकारी अन्तर्गत रहेर मात्र संचालन गरिनेछ । सो को लागी पालिकाले समुहलाई प्रस्ताव माग गर्नेछ ।

ख) कार्यक्रम गर्न ईच्छुक रही प्रस्तावना स्वीकृत भएका कृषकहरुलाई उन्नत जातका बोका बाखा खरिद, दाना खरिद, खोर मर्मत सभांर, खोप, परजिवी नियन्त्रण र तालिममा निश्चित प्रतिशत अनुदान प्रदान गरिनेछ ।

ग) उपदफा 'ख' बमोजिमका कार्यक्रम सञ्चालन प्रस्तावना पेश गरि कार्यालयबाट स्वीकृत भए अनुसार रहनेछ ।

घ) अनुदानमा कार्यक्रम सञ्चालन गर्ने इच्छुकले अनुदानमा गर्ने कार्यको लागत स्टीमेट तयार गरि प्रस्तावना संग प्रमाणित गर्नुपर्नेछ । सम्झौता पश्चात सोही बमोजिम कार्य गर्नुपर्नेछ ।

ङ) कार्यक्रम संचालन गर्दा समुहको हकमा प्रति कृषक १० वटा बाखापालन गर्नुपर्नेछ ।



राम बहादुर चिदी
अध्यक्ष

यम बहादुर चिदी
अध्यक्ष

च) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

**५) बंगुरपालन कार्यक्रम**

यस कार्यक्रमबाट माथागढी गाउँपालिका भित्रका बंगुरपालक कृषकहरुको जिवनस्तर सुधार गर्न तथा निर्वाहमुखी पशुपालन बाट व्यावसायिक बनाउने यस कार्यक्रमको मुख्य उदेश्य हो ।

क) कार्यक्रम गर्न ईच्छुक रही प्रस्तावना स्वीकृत भएका कृषकहरुले बंगुरका पाठापाठी खरिद, दाना खरिद, खोर मर्मत सभांरमा २५-७५ प्रतिशत र खोप, परजिवी नियन्त्रण र तालिममा शत प्रतिशत हुनेछ ।

ख) उपदफा 'ख' बमोजिमका कार्यक्रम सञ्चालन प्रस्तावना पेश गरि कार्यालयबाट स्वीकृत भए अनुसार रहनेछ ।

ग) अनुदानमा कार्यक्रम सञ्चालन गर्न इच्छुक र्कषकले अनुदानमा गर्ने कार्यको लागत स्टिमेट तयार गरि कार्यक्रम सम्झौताको समयमा पेश गर्नुपर्नेछ । सम्झौता पश्चात सोही बमोजिम कार्य गर्नुपर्नेछ ।

घ) कार्यक्रम संचालनमा विशेष ग्राह्यता बंगुरपालन गरिरहेका कृषक समुह/समिति/सहकारीलाई दिईनेछ र कम्तिमा प्रति कृषक बंगुर २ वटा हुनुपर्नेछ ।

ङ) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

**६) लोकल कुखुरा प्रवर्दन कार्यक्रम**

क) माथागढी गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भए अनुसार व्यावसायिक कुखुरापालक कृषकलाई छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

ख) कार्यक्रम सञ्चालनका लागि कार्यालयको स्वीकृत बजेटको परिधिभित्र रहि २५-७५ प्रतिशत अनुदान कार्यकम सञ्चालन गर्नेछ ।

ग) कार्यक्रम गर्न ईच्छुक रही प्रस्तावना स्वीकृत भएका कृषकहरुले कुखुराको चल्ला खरिद, दाना खरिद, खोप, परजिवी नियन्त्रण जस्ता सामाग्री तथा खरिद जस्ता कार्य गर्नेछ ।

घ) उपदफा 'ग' बमोजिमका कार्यक्रम सञ्चालन प्रस्तावना पेश गरि कार्यालयबाट स्वीकृत भए अनुसार रहनेछ ।

ङ) अनुदानमा कार्यक्रम सञ्चालन गर्ने इच्छुकले अनुदानमा गर्ने कार्यको लागत स्टिमेट तयार गरि कार्यक्रम सम्झौताको समयमा पेश गर्नुपर्नेछ । सम्झौता पश्चात सोही बमोजिम कार्य गर्नुपर्नेछ ।

च) कार्यकम समूह वा निजी फर्म मार्फत सञ्चालन गर्नुपर्नेछ । समुहको हकमा प्रति कृषक ३० वटा र नीजि फर्मको हकमा कम्तिमा २०० वटा ग्रामिण कुखुराका चल्ला पालन गर्नुपर्नेछ ।

ङ) कार्यकम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

**७) प्राकृतिक नश्ल सुधार कार्यकम**

पशुको जातिय सुधार ल्याउनको लागि कस ब्रिडिङको महत्वपूर्ण भूमिकाहुन्छ हाम्रो जस्तो भौगोलिक विकटता भएको क्षेत्र र कृषकहरुमा नयाँ प्रविधि सम्बन्धी उचित ज्ञानको कमी तथा न्यून प्राविधिक जनशक्ती भएको अवस्थामा कस प्रजनन्को एकदमै महत्व छ । बाखा तथा भैंसीपालन लगायत अन्य व्यवसायको प्रचुर सभांवना बोकेको यस माथागढी गाउँपालिकाका लागि उन्नत जातका बोका तथा राँगो वितरण कार्यकम संचालन गरि स्थानीय जातका बाखा तथा भैंसीमा जातीय सुधार भई कृषकहरुको आम्दानी र सहुलियत रुपमा प्रजनन् गर्ने उद्धेश्यले प्राकृतिक गर्भाधानका लागि विनियोजित रकम बाट प्राकृतिक नश्ल सुधार कार्यकम गर्न लागिएको हो ।

क) पशुपालक कृषक समुह/फार्महरुलाई २५-५० प्रतिशत अनुदानमा उन्नत बोका तथा राँगो वितरण गरिनेछ ।



यम बहादुर चिदी
अध्यक्ष

ख) निजि उद्यमी/समुह/फार्म छनौट गर्दा कृषक समुहको सदस्यहरुको सक्रियता भएको साथै समुह/फार्म दर्ता नविकरण जस्ता विषय बस्तुहरुलाई प्राथमिकता दिईनेछ ।

ग) बोका तथा रागो खरिद गर्दा दर्तावाला जातिय रेकर्ड भएको, विश्वासिलो फार्मबाट प्रचलित आर्थिक ऐन नियमनुसार खरिद गर्नुपर्नेछ ।

घ) यस कार्यक्रम बाट लाभांवित हुनका लागि निजि उद्यमी/फार्मको हकमा बाखाको संख्या कम्तिमा १५ वटा र भैंसीको संख्या कम्तिमा ५ वटा र समुहको हकमा प्रति कृषक बाखा १० वटा र भैंसी २ वटा हुनुपर्दछ ।

ङ) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

**८) भकारो सुधार कार्यक्रम**

भकारो सुधार कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरीक्षण गरी प्रमुख प्रशासकीय अधिकृतको तोकआदेशमा मात्र कृषकलाई गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

क) यस कार्यक्रमबाट लाभांवित हुने कृषकले कुनैपनि दोहोरो अनुदान नलिएको कम्तिमा २ वटा दुहुनो गाई/भैंसी पालेको हुनुपर्नेछ ।

ख) कार्यक्रम संचालन गाउँपालिकाबाट ५०% अनुदान र कृषकबाट ५०% गरी कार्यक्रम सम्पन्न गरिनेछ ।

ग) यो अनुदान रकमबाट गोठको संरचना अन्तर्गत रहेर थरी तथा ढोड सुधार र मल/मुत्र व्यवस्थापन जस्ता कार्य गर्न सकिनेछ ।

घ) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

**९) गोठ खोर तथा जैविक सुरक्षा व्यवस्थापन सहयोग कार्यक्रम**

यस कार्यक्रमबाट व्यवसायिक गाई/भैंसी, बाखा, बंगुर, कखुरा फार्म संचालन गरिरहेका व्यवसायिहरुलाई व्यवसाय प्रवर्द्धन एवं जंगली जनावरबाट हुने जोखिम न्यूनिकरण गर्न जैविक सूरक्षाका लागि यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

क) प्रति व्यवसायि अधिकतम रु. १,००,०००।- (एक लाख रुपैंया) सम्म अनुदान सहयोग गरिनेछ ।

ख) यो अनुदान रकमबाट गोठको संरचना सुधार, तारवार र गेट सहितको पूर्ण जैविक सूरक्षा व्यवस्थापन गर्नुपर्नेछ ।

ग) कार्यक्रम संचालन गाउँपालिकाबाट ५०% अनुदान र कृषकबाट ५०% गरी कार्यक्रम सम्पन्न गरिनेछ ।

घ) प्रस्तावकको फार्ममा कम्तिमा गाईभैंसी ४ वटा, बाखा ३० वटा, बंगुर १० वटा, कखुरा ५०० वटा पालेको र गाउँपालिकामा तथा पानमा फार्म दर्ता/नविकरण गरेको हुनुपर्नेछ ।

ङ) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

**१०) ४० भन्दा बढी बाखापालन गर्ने कृषकलाई १० बाखा १ बोका अनुदान कार्यक्रम**

बाखापालन प्रतिको आकर्षण एवं गुणस्तरिय बाखाको न्यून उपलब्धतालाई संबोधन गरी मासु उत्पादनको अभिबृद्धीका लागि यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो ।

क) गाउँपालिकाले प्रस्तावनाको आधारमा प्रति फर्म १० वटा बाखा र १ वटा बोका खरिद गर्न अधिकतम रु. १,००,०००।- (एक लाख रुपैंया) सम्म अनुदान सहयोग गर्नेछ ।

ख) यो कार्यक्रममा सहभागी हुन चाहाने प्रस्तावकले पान दर्ता/नविकरण गरेको र गाउँपालिकामा फार्म दर्ता गरेको मितिले कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्नेछ ।



यम बहादुर थिंदी
अध्यक्ष

ग) प्रस्तावकको फार्ममा कम्तिमा २० माउ बाखा विमा गरेको प्रमाणपत्र र न्यूनतम ४० बाखा पालेको प्रमाणसहित प्रस्ताव पेश गर्नुपर्नेछ ।

घ) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन तथा भुक्तानी

**५) कार्यक्रम सञ्चालन तथा भुक्तानी प्रकृया :**

क) पशुपन्छी विकास कार्यक्रम अन्तर्गत अनुदानमुखी कार्यक्रम सञ्चालनका अनुसुची १ बमोजिमको ढाचाँमा प्रमुख प्रशासकीय अधिकृतको आदेशले शाखा मार्फत १५ दिने सार्वजनिक सूचना आव्हान गर्ने ।

ख) इच्छुक कृषकहरुले अनुसूची २ बमोजिमको ढाँचामा अनुसुची ३ बमोजिमका कागजात संलग्न राखी अनुसूची ४ बमोजिमको ढाचाँमा प्रस्तावना सहित सूचनामा तोकिए बमोजिमको कार्यालयमा निवेदन पेश गर्ने ।

ग) निवेदन सहित पेश गर्ने कागजात र प्रस्तावनाको ढाँचा कार्यक्रम अनुसार सूचनामा उल्लेख गरे बमोजिम रहने ।

घ) मेसिनरी औजार, माछा मासु डेरी पसल सुधार लगायतका अनुदान कार्यक्रम रित पूर्वक पर्न आएका प्रस्तावहरुको अनुसूची ५ का आधारमा मूल्याङ्कन गर्नेछ ।

ङ) दफा घ बमोजिम छनौट भएका प्रस्तावकको स्वीकृत कार्ययोजना, लागत स्टीमेट अनुसार अनुसुची ६ बमोजिम सम्झौता गर्ने ।

च) सामग्री खरिद गरि वितरण गर्ने कार्यक्रममा प्रचलित कानुन बमोजिम कार्यालयले खरिद गरी तोकिए बमोजिमको अनुदान र कृषकको लागत सहभागितामा शाखाले वितरण गर्ने ।

छ) अनुदान रकम भुक्तानी गर्नुपर्ने निर्माण,मर्मत सुधारजन्य अनुदानमा अनुदानग्राहीसगँ भएको सम्झौता बमोजिमको कार्यसम्पन्न पश्चात पेश हुन आएका बिल भरपाईका आधारमा बैंक खाता माफर्त अनुदान रकम भुक्तानी गर्ने ।

## परिच्छेद ५

## अनुगमन तथा मूल्याङ्कन

**६) मूल्याङ्कन समिति सम्वन्धी व्यवस्था :**

क) कार्यक्रम अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँपालिका अध्यक्षको स्वीकृती बमोजिम कार्यक्रम मूल्याङ्न समिति रहनेछ ।

ख) मूल्याङ्न समितिले अनुसूची ५ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन गरि अनुदानग्राही छनौट तथा सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँपालिका अध्यक्षबाट स्वीकृत पश्चात वितरण गर्ने ।

ग) घासँको बिउ,औषधी, परजिवी नियन्त्रण सम्बन्धी औषधी तथा खोप जस्ता वितरणका तथा कार्यकम सञ्चालन कृषकको माग बमोजिम शाखाले नै मूल्याङ्कन तथा छनौट गरि वितरण गर्नेछ ।

घ) सञ्चालित कार्यक्रमको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवाला पक्षले गर्नसक्नेछ ।

ङ) मूल्याङ्कन र अनुगमन समितिको सेवा सुविधा प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६

## विविध



यम बहादुर थिंदी
अध्यक्ष

अ. बहादुर थिटी अध्यक्ष

## ७) विविध

क) संघ तथा प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका कृषकहरुलाई एक आ.व. मा दोहोरो हुने गरी अनुदान दिईनेछैन ।

ख)पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधिमा थपघट, हेरफेर तथा बाधा फुकाउन आवश्यक भएमा गाउँकार्यपालिकाले निर्णय गर्नसक्नेछ ।

ग) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था प्रदेश र संघीय कानुनसगँ बाझिएमा प्रदेश र संघीय कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## सूचनाको ढाँचा

**प्रथम पटक प्रकाशित मिति : ......../......./...........**

यस माथागढी गाउँपालिकाको आ.व........... को स्वीकृत वार्षिक कार्यक्रम...............अनुसार निम्न लिखित कार्यक्रमहरु पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक व्यवसायिक फर्म/कृषक/कृषक समुहले यो सुचना प्रकाशित भएको मितिले ............ दिनसम्म कार्यालय समय भित्र.........................मा निवेदन दर्ता गर्नु हुन आवहान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल :

| क.स | कार्यक्रम | कार्यकम मापदण्ड | कार्यालयको अनुदान रकम/प्रतिशत | कृषकको लागत सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अ. बहादुर अध्यक्ष

...............................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २
## निवेदनको ढाँचा

श्रीमान् ......................... ज्यू, मितिः २०८०। ।
माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा

विषय : निवेदन पेश गरेको सम्बन्धमा ।

महोदय, उपर्युक्त विषयमा त्यस कार्यलयको मिति .......................... का दिन प्रकाशित सुचना अनुसार म/हामी निवदेकले ....................................... कार्यक्रममा सहभागी हुनका लागि योग्य रहके ाले सूचनामा माग गरे अनुसारका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं । साथै लागत सहभागिता बापतको रकम तिर्न मन्जुर रहेको छ ।

**निवेदकः**
नामः
ठेगानाः
फार्मको नामः
दस्तखत्:
मितिः
सम्पर्क नंः

## अनुसूची ३

**व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु**

१. नेपाली नगरिकताको प्रतिलिपि ।
२. अनुसुची-२ अनुसारको ढाचामा निवेदन ।
३. अनुसुची-४ अनुसार विस्तृत व्यावसायिक कार्ययोजना ।
४. जग्गाको स्वामित्व देखिने कागजात -भाडामा भए ५ वर्ष सम्झौता पत्रको प्रतिलिपी) ।
५. प्रचलित कानुन बमोजिम दर्ता भए भएको प्रमाण पत्र प्रतिलिपि ।
६. स्थायी लेखा नम्बर/भ्याट दर्ता र कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
७. प्रस्तावकले कम्तिमा ......... लागत साझदारी गर्ने प्रतिवद्वता पत्र ।
८. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।
९. शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारबाट फर्केकोप्रमाणित प्रतिलिपि ।

अनुसूची ४

**कार्ययोजनाको ढाँचा**

कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना

कार्यक्रमको नाम : ..................................

जिल्ला : पाल्पा

गा.पा : माथागढी वडा नं :.......... टोल :.........................

फार्मको नाम :..............................................................

सन्चालकको नाम :........................................................

१. व्यवसायको परिचय :..................................................

२. उद्वेश्यहरु :..........................................................

३. पशुपंक्षी पालन व्यवसायको अनुभव :........................................

४. व्यवसाय सञ्चालन गरिने स्थान :..............................................

५. व्यवसाय सञ्चालनका लागि रहेका पुर्वाधारहरु :..................................

६. हाल पालन गरिएको पशु विवरण र संख्या :..................................................

७. तालिम सम्बन्धी विवरण :....................................

८. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण :

| क्र.स. | सञ्चालन गरिने कार्यक्रम | अनुदान प्रतिशत | निजी लगानी प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

९. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता(प्रभाव पर्ने वा नपर्ने) :....................

१०. उत्पादित वस्तुको बजार योजना :.....................

११. थप आधारहरु: उपलब्ध जग्गाको स्वामित्व :............................................

उपलब्ध जग्गाको क्षेत्रफल :............................................

दैनिक ...... उत्पादन बिकी :..................................................

अपेक्षित वार्षिक प्रतिफल :.........................................

अन्य कारोवार :.......................................................

१२. हाल सम्म कुनै पनि निकायबाट अनुदानमा .................. लिए/ नलिएको :......................

क) लिएको भए कुन निकाएबाट कहिले लिएको :..........................................................

संलग्न कागजातहरु :

१.

२.

३.

कार्ययोजना पेश गर्ने: फार्मको नाम :.....................................................

सञ्चालक/कृषकको नाम :.....................................

स्थायी ठेगाना जिल्ला : पाल्पा गा.पा .: माथागढी वडा नं. ....... टोल....................

फर्म सञ्चालन गरिने स्थान :..........................................

फर्म/कृषकको तर्फबाट सही गर्नेको दस्तखत :

| दायाँ | बायाँ |
|---|---|
| | |

यम बहादुर चिदी
अध्यक्ष

## अनुसूची ५
## मूल्यांकनको ढाँचा

**प्रस्ताव मुल्यांकनका आधारहरु**

१. नाम:

२. ठेगाना:

३. कार्यक्रमको नाम:

४. मुल्यांकनका आधारहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति छ । छैन

ख) तोकिएकोढाचाँमा निवेदन र कार्ययोजना छ । छनै

ग) जग्गाको स्वामित्व देखिने कागजात वा सम्झौता पत्र छ । छैन

घ) स्थानिय तह । आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी छ । छैन

ङ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी छ ।छैन

च) लागत साझेदारी गर्ने प्रतिवद्धता छ । छैन

छ) वडा कार्यालयको सिफारिस छ । छैन

ज) सूचनामा माग भएका अन्य कागजातहरु छ । छैन

| क्र.स. | विवरण | भार प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूवार्धारको अवस्था | २० | |
| २ | व्यवसाय व्यवस्थापनको अवस्था र संवाहक | १० | |
| ३ | प्राविधिक रूपमा उपयुक्त र स्थान अवस्थिति | १० | |
| ४ | रोजेगारीको अवस्था | ५ | |
| ४.१ | कम्तिमा ३ जना भए | ३ | |
| ४.२ | सो भन्दा बढी भए | ५ | |
| ५ | वातावरणीय/सामाजिक प्रभाव | ५ | |
| ६ | उत्पादित बस्तुको बजार योजना | ५ | |
| ७ | व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना | १५ | |
| ८ | कार्ययोजनाको अवस्था | ५ | |
| ९ | सम्बन्धित विषयमा अध्ययन र तालिम | ५ | |
| १० | जग्गाको स्वामित्व | १० | |
| १०.१ | निजी | १० | |
| १०.२ | भाडामा | ८ | |
| ११ | अन्य वस्तुगत अवस्था | ५ | |



यम बहादुर चिदी
अध्यक्ष

यम बहादुर चिढी
अध्यक्ष

५. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरण:

१.

२.

६. स्थलगत अनुगमन टोलीको राय:

१.

२.

३.

यम बहादुर चिढी
अध्यक्ष

अनुसूची ६

## सम्झौताको ढाँचा

## सम्झौता पत्र

आर्थिक वर्ष................मा सञ्चालन हुने ..........................कार्यक्रमको लागि माथागढी गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र छनोट भएका कृषक/समुह/सहकारी................................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तनामाहरु:

१. प्रथम पक्षले लागत साझेदारमा ........कार्यक्रमको लागि कूल लागत रु.......... मध्ये अनुदान वापत अधिकतम रु .........दोस्रो पक्षलाई अनुदान वा सामाग्री प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरिको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

३. कार्यक्रम सञ्चालनका लागि आवश्क सम्पूर्ण व्यवस्था दोस्रो पक्षले गर्नेछ ।

४. दोस्रो पक्षले सुरुमा आफनो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसार बिल भरपाई तथा आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात कार्य प्रगतिको आधारमा एकमुष्ठ दोस्रो पक्षलाई चेक मार्फत भुक्तानी दिइनेछ ।

५. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह दिन सक्नेछ ।

६. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ ।

७. कार्यकम्र सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार,व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रृजित सबै प्रकारका दायीत्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. द्धिपक्षिय सहमति अनुसारको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एकपटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एकपक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रकिया अगाडी बढाउन सक्नेछ ।

९.. प्रथम पक्षले प्रदान गरेको अनुदान सामाग्री दोस्रो पक्षले कम्तिमा चल सम्पतिको हकमा ३ वर्ष र अचल सम्पतिको हकमा ५ वर्ष सम्म हिनामिना गर्न पाईछैन । यदि कुनै कारण वस हटाउन परेको खण्डमा प्रथम पक्षलाई लिखित निवेदन वा विस्तृत जानकारी गराई पथम पक्षको निर्णयमा हटाउन सक्नेछ ।

१०. यस सम्झौता र कार्यकम सञ्चालन सम्वन्धमा गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

११. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**

नाम:

पद:

दस्तखत:

**दोस्रो पक्षको तर्फबाट**

नाम:

पद:

दस्तखत:



यम बहादुर चिदी
अध्यक्ष

मिति:

कार्यालयको छाप:

नाम:

पद:

दस्तखत:

मिति:

छाप:

**रोहवर**

नाम:

पद:

दस्तखत:

इति सम्वत्................साल..........महिना......गते रोज.......शुभम् ।

## अनुसूची ७
## दोहोरो अनुदान नलिएको स्वः घोषणा

श्री कार्यालाय प्रमुख ज्यू

.......................................

....................................... ।

........................................................ को आर्थिक वर्ष २०८..... ।२०८.... स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट प्रदान गरिने रकम/सामाग्री/उपकरण/अन्य बस्तु लिन ईच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट प्रदान गरिएको रकम/सामाग्री/उपकरण/अन्य बस्तु मैले/हामिले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको घोषणा गर्दछु । यदि मैले लिएको प्रमाणित भएको मेरो वा हाम्रो वा संस्था वा समुह वा सहकारी वा कम्पनीको सम्पतिबाट नियमानुसार व्याक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन ।

हस्ताक्षर :

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

**प्रमाणीकरण मितिः २०८०।०९।०४**

यम बहादुर चिदी
अध्यक्ष